लेखापरीक्षण प्रतिवेदन

गंगादेव गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गंगादेव गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/615

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

गंगादेव गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रोल्पा।

कैफियत सहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट खर्च भएकोमा सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ५८ लाख ६७ हजार तथा पर्यटन

पूर्वाधार विकास आयोजनाको रु.४ लाख ७१ हजार समेत गरी रु.८ करोड ६३ लाख ३८ हजार सुत्रमा लेखांकन गरेको छैन।

२. गाउँपालिकाको रु.९० करोड ४३ लाख ८२ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ५३ लाख ७३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा असुल गर्नुपर्ने रु.१६ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.३२ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २ लाख १३ हजार र पेस्की बाँकी रु.२ लाख ७६ हजार रहेको छ। गत वर्षसम्मको बेरुजु बाँकि रु.३२ करोड ३ लाख ५० हजार रहेकोमध्ये फस्यौंट रु.२८ लाख ३२ हजार फस्यौंट र सम्परीक्षणबाट कायम रु.५ लाख ८४ हजार तथा यो वर्षको बेरुजु समेत हालसम्मको अद्याविधक बेरुजु रु.३५ करोड ३४ लाख ७५ हजार बेरुजु बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरूद राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

गंगादेव गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गंगादेव गाउँपालिका व्यवस्थापनमा रहेको छ। गंगादेव गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु बर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५६	३६	३,५३,७३,५९६	०	०	०	०	५६	३६	३,५३,७३,५९६	१६,१६,८६८	३,०२,१३,३८१	३२,६७,०४४	०	०	३,३४,८०,४२५	२,७६,३०३

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	३२,०३,५०,०००	०	२८,३२,६७१	३१,७५,१७,३२९	५,८४,१७७	३,५३,७३,५९६	३५,३४,७५,१०२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७८/७९	३६	सक्कल विजक पेश नभएको	२१,८५,९८५
२	२०७८/७९	९९	दिवा खाजा	२४०
३	२०७७/७८	७८	वडा समितिको भत्ता	७३,१००
४	२०७७/७८	५९	बढी निकासा	५,३२,५७९
५	२०७६/७७	६९	का.स. रमिता डाँगी - बैठक भत्ता वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने	११,४७५
६	२०७६/७७	८३	ना.प.स्वा.प्रा. कमल प्रकाश खत्री - बैठक भत्ता वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने	१०,८२९
७	२०७५/७६	२८	वडा ढुङ्गा बलिगाउँ कल्भर्ड निर्माण	१८,४६३
जम्मा				**२८,३२,६७१**

(८०५५४५०७३०० - सुकिदह गाउँपालिका, रोल्पा)

सुकिदह गाउँपालिका , रोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य र १२४.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा २१५०३ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१५ देखि २०८१ ।०५।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ,

समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको रु.९० करोड ४३ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

२ **सन्चित कोषको अवस्था**

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		
	राजस्व, अनुदान र अन्य प्राप्ति	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
११०००	कर	७८२२२९४७.५८	०	७८२२२९४७.५८
१३०००	अनुदान	२८९६४०७५१.	०	२८९६४०७५१.
१४०००	अन्य राजस्व	१६७७४४५.१४	०	१६७७४४५.१४
१५०००	विविध प्राप्ति	२६९८००.	०	२६९८००.
क	**कुल जम्मा प्राप्ति**	३६९८१०९४३.७२		३६९८१०९४३.७२
३	चालु	२७७९५०१४९.०२	०	२७७९५०१४९.०२
२१०००	पारिश्रमिक/सुविधा	१२३०५३६७४.०२	०	१२३०५३६७४.०२
२२०००	मालसामान तथा सेवाको उपयोग	१२०७४८५४९.	०	१२०७४८५४९.
२५०००	सहायता (Subsidy)	२८०५५३६७.	०	२, ८० , ५५ , ३६७.००
२७०००	सामाजिक सुरक्षा	३८९३६५९.	०	३८९३६५९.
२८०००	अन्य खर्च	२१९८९००.	०	२१९८९००.
४	पूंजीगत	८६५९०२६१.		८, ६५ , ९० , २६१.००
३१११०	भवन तथा संरचना	४९४००००.	०	४९४००००.
३११२०	सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स	१८८३३६९.	०	१८८३३६९.
३११३०	अन्य पूँजीगत खर्च	१०७७९३५०.	०	१०७७९३५०.
३११५०	सार्वजनिक निर्माण	६६६०५५४२.	०	६६६०५५४२.
३११६०	निर्मितसरचनाको सुधार खर्च	२३८२०००.	०	२३८२०००.
ख)	कुल जम्मा भुक्तानी	३६४५४०४१०.०२		३६४५४०४१०.०२
ग)	बचत/कमी (ग = क-ख)	५२७०५३३.७		५२७०५३३.७
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) मौज्दातको थप/ घट (+/ -)	२६४६७७०.		२६४६७७०.

घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी	१६		१६
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	७९१७३०३.७		७९१७३०३.७
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४८०७०३७८.५१		४८०७०३७८.५१
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन			
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	५५९८७६८२.२१		५५९८७६८२.२१

३ **अन्तर सरकारी वित्तीय हस्तान्तरण**

पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोवार समावेश भएको छैन ।

बजेट उपशीर्षक	निकासा	खर्च
सामाजिक सुरक्षा तथा संरक्षण	८५८६६८४४	८५८६६८४४
पर्यटन पूर्वाधार विकास आयोजना	४७१९७६	४७१९७६
जम्मा	८६३३८८२०	८६३३८८२०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **स्वीकृत ढाँचा:**

४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

क. प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.३६ करोड ९८ लाख १० हजार र गत वर्षको मौज्दात रु.४ करोड ८० लाख ७० हजार समेत जम्मा रु.४१ करोड ७८ लाख ८० हजार र कुल भुक्तानी रु.३६ करोड ४५ लाख ४० हजार देखाई रु.५ करोड ५९ लाख ८७ हजार अन्तिम मौज्दात देखिन्छ । जसमा लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रु. १ लाख समावेश भएको छैन ।

ख. पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

४.२ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार बैङ्क मौज्दात रु.९७ हजार ८४४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण

आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । सुत्र प्रणाली अनुसारको आर्थिक विवरणमा लैङ्गिक हिंसा निवारण कोषमा रहेको रु.१ लाख समाबेश भएको छैन । उक्त रकम समाबेश गर्दा सुत्रमा रु.२ हजार १५६ बढी देखिन्छ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति (आय)**	**यसवर्षको भुक्तानी(व्यय)**	**बैङ्क मौज्दात**
एकीकृत आर्थिक विवरण अनुसार	४६४९६७०३.११	४८९०९६४४८.५८	४७९५०७६७९.०२	५६०८५४७२.६७
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	४८०७०३७८.५१	३६९८१०९४३.७२	३६४५४०४१०.०२	५५९८७६२८.२१
फरक				**९७८४४.४६**

५ **योजनाको प्रगतिः**

पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष ११५ वटा योजना बजेट विनियोजन गरी ३ योजना ठेक्का मार्फत, १३ योजना कोटेशन मार्फत र बाँकी ९९ योजना उपभोक्ता समिति मार्फत कार्य गराई औषत भौतिक प्रगति ९९ प्रतिशत र औषत वित्तीय प्रगति ९९ प्रतिशत हासिल गरेको छ।

६ **खर्च बिश्लेषणः**

पालिकामा यस बर्ष कुल आन्तरिक आयबाट रु.२३ लाख ८४ हजार राजस्व बाँडफाँटबाट रु.७ करोड ८२ लाख २२ हजार र अनुदानबाट रु.२८ करोड ९६ लाख ४० हजार समेत रु.३६ करोड ९८ लाख १० हजार आम्दानी भएकोमा चालु तर्फ रु.२७ करोड ७९ लाख ५० हजार (७६ प्रतिशत) र पूँजिगत तर्फ रु.८ करोड ६५ लाख ९० हजार (२४ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.२३ लाख ८४ हजार (०.६६ प्रतिशत) रहेको छ । यस बर्ष प्रशासनिक खर्च वापत रु.१२ करोड ३० लाख ५३ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ५२ गुणा बढी खर्च हो। पालिकाले चालु खर्चमा मितव्ययिता कायम गर्दै पूँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ।

७ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा, कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । पालिकाको बार्षिक स्वीकृत कार्यक्रम मा भएका २१ योजनाको लागि विनियोजन भएको रकममा रु.१ करोड ८६ लाख ७२ हजार घटाएर ६१ योजनामा रु.५ करोड ५१ लाख ६८ हजार बजेट रकमान्तर तथा स्रोतान्तर गरेको हुँदा बजेटको सहि सदुपयोग नहुन सक्ने जोखिम रहेको हुँदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नु पर्दछ।

८ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी अषाढ मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने ब्यबस्था छ र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृति भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ब्यबस्था छ । पालिकाले दफा ७१ मा तोकिएको अवधिमा सभामा बजेट पेश गरेको देखिएन । तोकिएको अवधिभन्दा १५ दिन ढिला गरी गाँउपालिका उपाध्यक्ष श्री अमृता कुमारी के.सी. ले २०८०/०३/२५ गते रु.४६४२८०८५२.११ को बजेट सभा समक्ष पेश गरी मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी गाँउपालिका प्रमुखले २०८०/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आगामी दिनमा ऐनले तोकेको अवधिभित्र सभामा बजेट पेश, पारित र अख्तियारी प्रदान गर्नुपर्दछ ।

१० **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

११ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१२ **अवकाश कोषः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कानून बमोजिम रकम कट्टी गरी जम्मा गरेको देखिएन । जसले गर्दा कर्मचारी अवकाश भएका वखत पालिकाबाट वजेट विनियोजन गरी खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ । पालिकाले यस वर्ष गाँउपालिका चालुतर्फको गो.भौ.नं. ५१२/२०८१/३/१८ बाट खरिदार पदबाट अवकाश प्राप्त चन्द्र बहादुर वलीलाई गत बर्ष बजेट अभावमा भुक्तानी दिन बाँकि रहेको उपदान रकम रु.२,५०,०२० भुक्तानी दिएको छ । अतः कानून बमोजिम अवकाश कोषको स्थापना गरी रकम जम्मा गरी सो कोषवाट भुक्तानी दिनुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भएको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा सघीय सरकारको वजेटवाट पनि रकम विनियोजन हुनसक्ने सम्भावना छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि संघ र प्रदेशसंग समन्वय गर्ने एवं गाँउपालिकाको विगतको बजेट विनियोजनको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

१४ **कानून निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, ५ नियमावली, १ आचार संहिता, २७ कार्यविधि, ५ निर्देशिका, १ मापदण्ड र १ दिग्दर्शन समेत ५६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

१५ **न्याय सम्पादनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ।

अल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
०	५	५	४	०	१

ऐनको दफा ४९(४) वमोजिम न्यायिक समितिले दुबै पक्ष उपस्थित भएको ३ महिनाभित्र मेलमिलापको माध्यमवाट विवाद समाधान गर्नुपर्ने व्यवस्था छ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा विवाद समाधानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत्सम्बन्धि मिसिल सम्बन्धित अदालत पठाउनुपर्नेम व्यवस्था रहेकोमा पालिकावाट सो कार्यान्वियनसम्बन्धि विवरण प्राप्त हुन सकेन।

१६ **योजना र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी निम्नानुसारका सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ।

क्र.सं.	विवरण	योजना संख्या
१	१ लाख सम्म	२८ वटा
२	१ लाख देखि ५ लाख सम्म	४२ वटा
३	५ लाख देखि २० लाख सम्म	३६ वटा
४	२० लाख देखि ५० लाख सम्म	७ वटा
५	५० लाख भन्दा माथि	२ वटा
	जम्मा	**११५ वटा**

१७ **कर्मचारी व्यवस्थापनः**

१७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित स्थायि, करार र ज्यालादारी गरी २४ दरबन्दी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, शिक्षा अधिकृत, लेखा अधिकृत, प्रशासन सहायक, महिला विकास निरीक्षक, जनस्वास्थ्य अधिकृत, स्टाफ नर्स, कृषि अधिकृत र कृषि सहायक, भेटनरी सहायक सहित

१९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करार सेवा शुल्कमा विभिन्न पदमा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीभित्र पालिकाको ८ जना र स्वास्थ्य संस्थातर्फ करारमा राखी रु.१ करोड १७ लाख खर्च लेखेको छ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।पालिकाले माथि उल्लेखित पद वाहेकको खेलकुद सहायक पदमा १ जना २०८१ बैशाखमा करार नियुक्ति गरि पारिश्रमिकवापत रु. ६३,८९६।० खर्च लेखेको छ । पालिकाले विधिपूर्वक स्थायि कर्मचारी पदपूर्ति गरी यस्तो प्रबृत्तिमा सुधार गर्नुपर्ने रु.

अनियमित भएको	६३,८९६

१८ **तलबी प्रतिवेदनः**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ११ जना कर्मचारीको रु.७२ लाख ६० हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ **विविध खर्चः**

स्थानीय तहले बजेट तर्जुमा र खर्च गर्दा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ रु.२५ लाख विनियोजन गरी १६ लाख खर्च गरेको छ । विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई आवश्यकता र औचित्यको आधारमा मात्र विविध खर्चमा बजेट विनियोजन र खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

पालिकाले खेलकुद कार्यक्रममा पानि तथा जुस उपलब्ध गराएको खर्चवापतको भुक्तानी उल्लेख गरी गाँउपालिका चालुबाट गो.भौ.नं. १३२, मिति २०८०।१०।२४ बाट २१०६९०।० भुक्तानी गरेको छ । राष्ट्रपति रनिङ्ग सिल्ड सन्चालन गरेको पालिकाले आयोजक, खेलाडी तथा रेफ्रि आदिको अभिलेख नराखि, लागत अनुमान तयार र स्विकृत नगरी एकमुष्टरुपमा भएको खर्चलाई नियमसम्मत नभएको रु.

अनियमित भएको	२,१०,६९०

२० **सवारी साधन व्यवस्थापन:**

सवारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाका यस वर्ष ईन्धन र सवारी साधन मर्मत शीर्षकमा रु.१५ लाख विनियोजन गरी सबै रकम खर्च गरेको छ । पालिकाले सार्वजनिक कोषको रकम खर्च गर्दा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष चालुतर्फ सेवा परामर्श रु.५० लाख, अन्य कार्यालय सञ्चालन खर्च रु.२५ लाख, सरसफाई संरचना निर्माण तथा कार्यक्रम सञ्चालन रु.१० लाख र भैपरी आउने चालु खर्चमा रु.९९ लाख ४७ हजार र पुँजीगत तर्फ मेसिनरी तथा औजार रु.२५ लाख, फर्निचर तथा फिक्चर्समा रु.२५ लाख, गा.पा भित्रका सम्पुर्ण मोटर बाटाहरु सफाई तथा ग्राभेल खर्च रु.२२ लाख एकमुष्ट बजेट राखी खर्च गरेको छ। एकमुष्ट रुपमा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट कार्यक्रमगतरुपमा वजेट वाँडफाड गरी खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा सभावाट स्विकृत बजेटभन्दा फरकरुपमा बजेट खर्च भई वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । यस्तो प्रबृत्तिमा सुधार गरी क्रियाकलापगतरुपमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

२२ **क्षेत्रगत बजेट :**

पालिकाको कुल बजेट रु.४६ करोड ४२ लाख ८० हजार र खर्च रु.३६ करोड ४५ लाख ४० हजार खर्च भई समग्रमा ७८.५१ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

क्र स	**क्षेत्रगत बजेट**	**खर्च रकम**	**खर्च प्रतिशत**
१.	आर्थिक विकास	११८३१८८२	३.२५
२.	सामाजिम विकास	१९००१२९११	५२.१२
३.	पूर्वाधार विकास	४५३२८२४५	१२.४४
४.	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५४१७६८८	१.49
५.	कार्यालय संचालन तथा प्रशासनिक	१११९४९६८४.०२	३०.७
जम्मा		**३६४५४०४१०.०२**	**१००**

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५२.१२ प्रतिशत, पूर्वाधार विकासमा १२.४३ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा ३०.७० प्रतिशत, आर्थिक विकास तर्फ ३.२५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.४८ प्रतिशत मात्र रहेको देखियो । अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

२३ **चौमासिक पुँजीगत खर्च प्रगति:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शीर्षक	कुल पूजिगत खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१.	पूँजीगत	८६५९०	०	८१९५	७८४९४	६८६७६

२४ **सेवा प्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११च अनुसार स्थानीय तथ्यांक तथा अभिलेख संकलन गर्ने ब्यवस्था गरेको छ । पालिकाले आ.व. २०८०।८१ को उक्त तथ्यांकको स्थिति निम्न छन् :

वितरण	जम्मा
जन्मदर्ता	७३३
मृत्युदर्ता	१३५
बसाईसराई दर्ता	२३३
विवाह दर्ता	२३१
संम्वन्ध विच्छेद दर्ता	२१

२५ **पदाधिकारी सुबिधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७६ (लुम्विनि प्रदेश) को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले आफु निर्बाचित भई अनुसूची-२ बोमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो काम कार्बाही शुरु गरेको मितिदेखि मासिक सुबिधा बापत पाउने ब्यबस्था गरेकोमा ऐनको अनुसूची १ मा उल्लेख भएको सुबिधा बमोजिम आ.ब २०८०/८१ मा रु.७६ लाख २० हजारको खर्च लेखि रकम भुक्तानी भएको देखिन्छ ।

२६ **कोष व्यवस्थापनः**

गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष र स्थानीय लैंगिक कोष जस्ता विभिन्न नामले कोष खडा गरेको छ । आवश्यक नदेखिएका कोषहरु आपसमा मर्ज गरी एउटै कोषवाट कार्य संचालन गर्नेगरी कार्य गर्नुपर्दछ ।

२७ **अनुत्पादक तथा वितरणमुखि खर्च:**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिरहेको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहोरो भए नभएको एकिन गर्नुपर्दछ ।

२८ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुरवापत अनुमानित रु.२९ लाख ४० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२० लाख ६४ हजार प्राप्त गरेको म.ले.प. फारम नं. २७० ले जनाएतापनि कृषि तथा पशुजन्य व्यवसायिक कारोवारबाट प्राप्त रु.३ लाख विभाज्य कोषमा आम्दानी बाँधिएको तथा रु.५ हजार ३० रुपैंया संचित कोषमा सिधै जम्मा भएको हुँदा वास्तविक प्राप्ति रु.२३

लाख ६९ हजार ९३३ प्राप्त गरेको कार्यालयले विवरण पेश गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी
१	भुमिकर/मालपोत	६०००००.	१८३२७८.१
२	वहाल कर	२०००००.	१२२२२६.६७
३	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१८५०.
४	अन्य कर	०	१३६५००.
५	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	१११६०.
६	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	०	३४४०८३.
७	अन्य सेवा शुल्क तथा बिक्री	०	०
८	न्यायिक दस्तूर	०	११०००.
९	परीक्षा शुल्क	०	३१७००.
१०	अन्य प्रशासनिक सेवा शुल्क	०	५५५१२९.७७
११	सिफारिश दस्तुर	३०००००.	१०११००.
१२	व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००.	१११८००.
१३	नाता प्रमाणित दस्तुर	०	३०३००.
१४	अन्य दस्तुर	१०००००.	२३१००.
१५	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	१३०८७५.
१६	न्यायिक दण्ड , जरिवाना र जफत	४००००.	०
१७	अन्य राजस्व	१००००००.	०
१८	व्यवसाय कर	४०००००.	१०००.
१९	बेरूजू	०	२६९८००.
जम्मा		**२९४००००.**	**२०६४९०२.५४**

२९ **घर जग्गा बहाल करः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.१ लाख २२ हजार संकलन भएको देखिन्छ । पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३० **राजस्व अभिलेखः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व

जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.फा.नं. २१२ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३१ व्यवसाय करः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रु.४ लाखको अनुमान गरी जम्मा रु.१ हजार प्राप्त भएको छ । पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ राजस्व परामर्श समितिः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अतः ऐनको व्यवस्था अनुसार आफ्नो कार्य प्रभावकारी रुपमा गर्नुपर्दछ ।

३३ रसिद नियन्त्रण खाता:

३३.१ गाँउपालिकाले वडा र पालिकाको केन्द्रवाट Sutra प्रणालीमार्फत राजश्व संकलन तथा लेखांकन गरेतापनि तरकारी निकासीको लागि वडा नं ३ र ४ मा नगदि रसिदमार्फत राजश्व संकलन गरिरेहको छ । रसिद नं १ देखि ५००० सम्मका १०० ठेलि नगदि रसिद छपाई गरेर ल्याएको लेखापरीक्षणको क्रममा देखिएतापनि सोको रसिद नियन्त्रण खाता भने राखेको पाइएन । आर्थिक वर्ष २०८०।८१ मा रसिद नं. १-५०, १५१-२००, १२०१-१२५० र ३४०१-३४५० बुद्धिसिंह वली र रसिद नं ७५०-८०० र १४५१-१५०० पवन कुमार के.सि. ले बुझेर राजश्व संकलन गरेको भएतापनि सम्बन्धित व्यक्तिलाई उक्त रसिद ठेलीहरु वुझाएको प्रमाण पेश हुन सकेन । पालिकाले रसिद नियन्त्रण खाता वनाई सोमा रसिद ठेलिअनुसार वुझ्ने कर्मचारीको विवरण अद्यावधिक गरेर राख्नुपर्दछ ।

राजश्व बैंक दाखिला: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न वाँकि रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकाले तरकारी निकासि शिर्षकमा पालिकाको प्रमुख २ नाकाहरुमा राजश्व संकलन गर्न वडा नं ३ मा खेलकुद सहायक बुद्धिसिंह वली र वडा नं ४ मा ना.प्रा.स. श्री पवन कुमार के सि जिम्मेवारी दिएको छ । सोअनुसार वुद्धिसिंह वलीले संकलन गरेको राजश्व कुल रु. ५५००३३।० मध्ये ३०००३३।० मात्र असारभित्र दाखिला गरी रु. १,००,०००।० मिति २०८१।५।६ मा र रु. १,५०,०००।० मिति २०८१।५।१२ मा बैंक दाखिला गरेको छ । यसरी समयभित्र बैंक दाखिला नगरेको राजश्व रु. २,५०,०००।० को १० प्रतिशतले हुने रकम रु. २५०००।० जरिवाना असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,०००

३३.२ त्यस्तै पवन कुमार के.सी. ले संकलन गरेको कुल राजश्व रु.७७,५०० मध्ये ४०,००० मात्र असारभित्र बैंक दाखिला गरी रु.१५,००० मिति २०८१।५।१२ र बाँकि सावाँ रकममात्र लेखापरीक्षण अवधिमा बैंक दाखिला गरेको देखिएनकोलेी ढिला दाखिला गरेको रकम रु.३७५०० मा १० प्रतिशत जरिवाना रु.३,७५० असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,७५०

३४ **न्यानो झोलाः**

पालिकाले आवश्यकता र मागको आधारमा सामाग्रीको खरिद गरी सोको प्रयोग गर्नुपर्नेमा गो.भौ.नं. ४७, २०८१।१।३ बाट रु. ४ लाख ९४ हजार ९९९ मा खरिद गरेका ५५० थान न्यानो झोला लेखापरीक्षण अवधिसम्म पनि वितरण गरी भर्पाई पेश गरेको छैन । पालिकाअन्तर्गत रहेका ५ वर्थिङ्ग सेन्टरमा अघिल्लो आर्थिक वर्षको झोला हालसम्म प्रयोग भएकोले यो वर्ष खरिद गरिएको न्यानो झोला चालु वर्ष उपयोग गर्ने पालिकाले जवाफ दिएको छ ।

३५ **प्रविधि हस्तान्तरणः**

गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७७ को परिभाषा खण्डमा उल्लेख भएअनुसार प्रविधि हस्तान्तरण भन्नाले व्यवसाय सन्चालन, विस्तार वा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने उपकरण वा मेशिन उपलब्ध गराउने वा मेशिन चलाउन विशेष प्रकारको सिप सिकाउने कार्य र सीप विकास तालिम भन्नाले व्यवसाय स्थापना, विकास र प्रबर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सीपमुलक तालीमलाई जनाउने उल्लेख छ । तर पालिकाले निर्देशिकाको व्यवस्थाविपरित प्रविधि हस्तान्तरणतर्फ गो.भौ.नं. १०८, २०८१।३।३ बाटो रु. १,३९,६०० र सीप विकासतर्फको रु. २,३९,६०० गरी रु. ३,७९,२०० वोयर बोका खरिद गरी किसानलाई वितरण गरेको नियमित नभएको रु.

अनियमित भएको	२,३९,६००

३६ **लघु उद्यमः**

गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७७ को अनुसुचि ९ अनुसार लघु उद्यम विकासका लागि ६ चरणमा विभिन्न कार्य सम्पन्न गर्नुपर्नेमा पालिकाले चरणबद्धरुपमा कार्यक्रम नगरी एकमुष्टरुपमा ७५ प्रतिशत क्रस वोयर पाठी २० ओटा गो.भौ.नं. १०८/२०८१/३/३ बाट रु. ३,६६,३००।० मा र ४ ओटा ७५ प्रतिशत वोयर पाठा गो.भौ.नं. १५०/२०८१/३/१५ बाट रु. १,६९,००० खरिद गरी समुहमा वितरण गरेको छ। जुन निर्देशिकाले उल्लेख गरेबमोजिम नभएको रु.

अनियमित भएको	५,३५,३००

३७ **कर्मचारीलाई संचार सुविधाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानिय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था रहेको छ । निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० मा राजपंत्राकित तृतिय तहको तथा सहायक तहका कर्मचारीलाई संचार सुविधा उपलब्ध गराउन पाउने व्यवस्था रहेको छैन । पालिकाले कर्मचारीको सेवा सुविधा सम्बन्धी कानून समेत तयार गरी शाखा प्रमुखलाई मासिक रुपमा रु.१००० संचार खर्च उपलब्ध गराएको छ । पालिकाले संघीय कानून अनुसार खर्च लेखी मितव्ययिता कायम गर्नुपर्दछ ।

३८ **शुभकामना सन्देशः**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा कार्यालयको बजेटबाट बधाइ शुभकामना तथा शोक सन्देश लगायत अनावश्यक विज्ञापनजन्य सामग्री प्रकाशन गर्न नपाइने उल्लेख छ । पालिकाले सामुदायिक रेडियो मालश्रीलाई गाँउपालिकाको विभिन्न सुचना तथा जानकारी प्रशारण गरेको भनि बर्षभरीमा रु.३ लाख १५ हजार ४ सय भुक्तानी गरेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

३९ **भत्ता वितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकार रमकको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतका विभिन्न निम्नानुसारका

कार्यक्रमहरु संचालन गर्दा कानूनले तोकेभन्दा बढीका तथा कार्यक्रमसँग प्रत्यक्ष सम्बन्धित नभएका कर्मचारी तथा पदाधिकारीलाई सहभागी भत्ता वितरण भएको देखिएकोले आगामी दिनमा औचित्यपूर्ण तवरले भत्ता वितरण गर्नुपर्दछ।

गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	विवरण	भत्ता बुझ्ने कर्मचारी वा पदाधिकारी	भुक्तानी
६७/२०८०/८/१३	हाजिरी जवाफ तथा दौड प्रतियोगिता	कार्यक्रममा सहभागी तथा अनुगमन भत्ता	२४ जनालाई रु. १५०० का दरले भत्ता वितरण र अन्य खाजा तथा कार्यक्रम संचालनका टुक्रे विल विजक	९२४००
१४८/२०८०/११/२३	अपाङ्ग परिचयपत्र वितरण	२ दिनसम्म कार्यक्रम संचालनमा सहभागी तथा अनुगमनकर्तालाई भत्ता वितरण	१४ जना कर्मचारी तथा पदाधिकारीलाई २ दिनको प्रति दिन रु.१५०० का दरले भत्ता र खाजा वापत भुक्तानी	४२९२०

४० **परामर्श सेवा खरिदः**

पालिकाले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

गो.भौ.नं र मिति	डि पि आर	परामर्शदाताको नाम	भुक्तानी रकम	परामर्शबाट निर्धारित लागत अनुमान	यस वर्ष विनियोजित बजेट
४८२/२०८१/३/१७	गा.पा. को आवधिक योजना तयारी	हेड लाइट प्रा.लि.	१४९००००		
५९३/२०८१/३/२४	जोगीडाँडा र हिलेडाँडा उपल्लो जाने बाटो	ए.आर.आर. इन्जिनियरिङ एण्ड कन्सल्ट सर्भिस प्रा.लि.	१७९९२००	३३८८०८३५५	नभएको
२३७/२०८१/१/२३	सुख्खा ओडार गुफा	साहारा कन्सल्टेन्सी प्रा.लि.	६८९३००	१८८२७६३४.५	नभएको
२३५/२०८१/१/२३	जलेखर्क घोरनेटी बरामेला सडक	थ्री आर इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग प्रा.लि.	७१७५००	६४३३१९५९	नभएको
जम्मा			**४६९६०००**	**४२१९६७९४९**	

यसरी पालिकाले ४ परामर्श सेवा प्राप्त रु. ४६ लाख ९६ हजार खर्च गरेकोमा उक्त योजनाहरु कार्यान्वियन गर्न ४० करोडभन्दा बढी लागत लाग्ने प्रारम्भिक अनुमान छ । पालिकाको समग्र बजेट नै करिब ४० करोडको हाराहारीमा रहेको र सोको करिब २५ प्रतिशत रकममात्र पुँजिगततर्फ खर्च भैरहेको अवस्थामा यस्ता अध्ययनमा भएको खर्चको औचित्यता पुष्टि गर्न कठिन छ । प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी विगतमा डिपिआर गरेर प्रतिवेदन प्राप्त भएका योजनामा बजेट सुनिश्चितता गराएर मात्र नँया योजनाको अध्ययनमा लगानी गर्नुपर्दछ । साथै गाँउपालिकाको आवधिक योजनालाई स्थानीय जनताको जानकारीको लागि पालिकाको वेवसाईडमा प्रकाशन गर्नुपर्दछ ।

४१ **सामाजिक परीक्षण कार्यक्रमः**

पालिकाले सामाजिक परीक्षणको लागि रु.१० लाखको बजेट विनियोजन गरेकोमा सामाजिक परीक्षण कार्य गरे वापत गो.भौ.नं. ५२४/ २०८१/ ३/ १९ बाट भिजन न्यूज नेटवर्क प्रा.लि. लाई रु.९ लाख ७० हजार भुक्तानी भएकोमा उक्त सामाजिक परीक्षण प्रतिवेदनमा गाँउपालिकाको परिचय लगायतका सामान्य विषयहरुमात्र समावेश भएको देखिन्छ। गाउपालिकाको शिक्षा, स्वास्थ्य, कृषि,पशु लगायतका कार्यक्रममा देखिएका आधारभुत समस्या र थप सुधार सम्बन्धमा खास सुझाव प्राप्त भएको देखिएन। यसवाट सामाजिक परिक्षण कार्यक्रमवाट प्रभावकारी र उपयोगी प्रतिवेदन प्राप्त भएको देखिएन।

४२ तालिम गोष्ठि र सेमिनार खर्चः

४२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा तालिम सेमीनार र गोष्ठी कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने र स्वीकृत कार्यक्रम अनुसार सन्चालित कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाइ सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराउनु पर्ने उल्लेख छ । पालिकाबाट सीप विकास तालिम तथा कार्यक्रम खर्च शीर्षकबाट भएको खर्चको व्यहोरा देहाय बमोजिम छन् :

४२.२ गो.भौ.नं. ५४१/२०८१/३/२१ सरोकारबालासँग अभिमुखीकरण कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापक विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक शिक्षण विधि प्रविधि मूल्यांकन प्रणाली सम्बन्धि तालिम संचालन गर्न दिगो अनुसन्धान तथा विकास केन्द्रसँग सम्झौता गरी रु ९ लाख २३ हजार २ सय भुक्तानी लेखेको छ। पालिकाले उक्त संस्थासँग सम्झौता अघि तयार गरेको कार्यक्रमको प्रस्तावनामा संचालन गरिने कार्यक्रमको समयावधि, सो कार्यक्रममा उपस्थित हुने सहभागीको संख्या र विवरण, प्रशिक्षकको योग्यता र पारिश्रमिक, मसलन्द खर्च, सहभागी भत्ता र सहभागी खाना खाजा खर्चको विवरण खुल्ने गरि लागत अनुमान तयार नगरि बिनियोजित बजेट बमोजिमकै लागत अनुमान तयार गरि भुक्तानी लेखेको छ । लागत अनुमानमा मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च, जनशक्तिको बसोबास खर्चको एकाइ र शीर्षकको प्रति एकाइ दर बमोजिम लागत अनुमान तयार नगर्दा भुक्तानी भएको रकम यथार्थ खर्च हो भन्न सकिने देखिएन । उक्त संस्थाले संचालन गरेको कार्यक्रमको जनशक्तिको योग्याता र सो बमोजिम भुक्तानी हुनुपर्ने खर्च तालिममा सहभागीहरुको विवरण र सो बमोजिम भएको खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा सो रकम असूल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,२३,२००

४२.३ गो.भौ.नं. २३२/२०८१/१/२२ कार्यक्रम खर्च अन्तर्गत बालहिंसा न्यूनीकरण विरुध्द्धको डकुमेन्ट्री प्रदर्शनी कार्यका लागि सामाजिक परिचालक तिलकराज वलीले पेश्की लिएर खर्च लेखेकोमा डकुमेन्ट्री प्रदर्शनी गर्नुपर्ने समय र स्थान खुलाइ सो डकुमेन्ट्रीको प्रदर्शनी गर्न आवश्यक पर्ने खर्चको लागत अनुमान तयार नगरी प्रस्तावदाताले पेश गरेको दरभाउपत्र मध्ये न्यून दरभाउ पेश गर्ने सृष्टि फाउण्डेसनलाइ एकमुष्ट रु.२४८६०० भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	२,४८,६००

४३ भ्रमण तथा अनुगमन खर्चः

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण किफायती हुनुपर्ने र लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ मा अत्यावश्यक र नगइ नहुने कार्यको लागि मात्र काज खटाउने र परिभाषित नगरिएको कामकाजका लागि भ्रमण खटाउन नहुने उल्लेख छ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले स्पष्ट उद्देश्य र प्रयोजन नखुलाइ भ्रमण आदेश स्वीकृत गरेको तथा भ्रमण प्रतिवेदनमा समेत कार्यलयको कामकाज र प्रदेश तथा संघ सरकारसँग योजना माग गर्न गएको अस्पष्ट विवरण उल्लेख गरी विभिन्न भौचरबाट रु. ८ लाख ४५ हजार खर्च गरेको छ । यसरी स्पष्ट उद्देश्य र प्रयोजन नखुलाइ गरिने काज भ्रमण खर्चमा नियन्त्रण गरी आर्थिक मितव्ययीता अपनाउनु पर्दछ ।

४४ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय

तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **सवारी भाडाः**

अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली, २०७७ नियम ३९ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ । पालिकाले कार्यालय कामकाज, योजना अनुगमन, फिल्ड लगायतका कारण लागि उल्लेख गरी सवारी भाडामा लिई देहायबमोजिम गो भौ नं मिति बाट सवारी भाडा खर्च लेखेको छ । पालिकाको आफ्नै गाडि भएको अवस्थामा यसरी गाडि भाडा लिनुको कारण सम्बन्धमा पालिकामा छलफल गर्दा पालिकाको कार्यक्षेत्र ठुलो भएको, पालिकाको एउटा गाडि विभिन्न काममा लिवाङ्, काठमाण्डौ लगायतका स्थानमा जानुपर्ने कारणले वाध्यात्मकरुपमा भाडा लिएको जवाफ प्राप्त भएको छ । पालिकामा मोटरसाईकललगायतका सवारी साधन पनि भएको अवस्थामा यस्ता विविध कारण उल्लेख गरी गाडि भाडामा लिनु आर्थिक दृष्टिले उचित देखिएन।

गो.भौ.नं. र मिति	विवरण	रकम
५५६/२०८१/३/२२	सवारी धनी रविन कुमार बोहोरालाई गाडी भाडामा उपलब्ध गराएवापत एक मुष्ट भुक्तानी	६२००००
४४८/२०८१/३/१५	सवारी धनी राम बहादुर बस्नेतलाई गाडी भाडामा उपलब्ध गराएवापत एक मुष्ट भुक्तानी	११००००
३७५/२०८१/३/६	सवारी धनी संजय वलीलाई गाडी भाडामा उपलब्ध गराएवापत एक मुष्ट भुक्तानी	८००००
५८२/२०८१/३/२४	सवारी धनी तुफान सापकोटालाई गाडी भाडामा उपलब्ध गराएवापत एक मुष्ट भुक्तानी	७७०००

४६ **सेनिटरी प्याड खरिदः**

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनिटरी प्याड वितरण गर्ने गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाउँपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. ५९/२०८१/१/२४ बाट श्री सगरमाथा सर्जिकल एण्ड केमिकल हाउसबाट ११६६६ प्याकेट प्रति प्याकेट १०६.१७ (मु.अ.कर बाहेक) रु.१३९३६७५ भुक्तानी भएको छ । आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन । सेनिटरी प्याड वितरण कार्य प्रभावकारी भए/नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेको छः

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले ६ कक्षा भन्दा माथिको कक्षामा रहेका १८२४ जना छात्रालाई वार्षिक रुपमा आवश्यक पर्ने ४३७७६ प्याकेट सेनेटरी प्याडको लागत अनुमान बनाई खरिद ऐन अनुसार खरिद गर्नुपर्नेमा ११६६६ प्याकेटको मात्र रु.१३९९९२० को लागत अनुमान तयार गरी खरिद गरेको हुँदा छात्राले सेनेटरी प्याड पर्याप्त मात्रामा प्राप्त गरे/नगरेको यकिन गरी आगामी दिनमा पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

ख) पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) अनुसार नेपाल उत्पादित रु.१५ लाख रुपैंयासम्मको मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरेको भए उक्त तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले माथि खरिद भएको सेनेटरी प्याडको आधिकारिक उत्पादक ए.जी. हेल्थ इण्डष्ट्रिज प्रा.लि. सँग सिधै वार्ता गरी संस्थागत छुट प्राप्त गरी सामान खरिद गर्नुपर्नेमा तेस्रो पक्ष सगरमाथा हाउससँग खरिद गरी खरिद नियमावली विपरीत खरिद भएको हुँदा आगामी दिनमा खरिद कानून अनुसार खरिद गर्नुपर्दछ ।

४७ **शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ३१ सामुदायिक विद्यालयहरु मध्ये ७ मा.वि.मा शुन्य दरवन्दी रहेको छ । समग्र विद्यालयको दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी			बाल विकास	जम्मा	कार्यरत शिक्षक			विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		मा.वि.	आ.वि.	प्रा.वि.			माध्यमिक	आ.वि.	प्रा.वि.		
१	श्री बिरेन्द्र मा. वि. नाउली	७	४	५	१	१७	७	४	५	४५७	२७
२	श्री जीवनज्योती मा. वि. देउल्टाकुरा	३	४	६	१	१४	३	४	६	६०७	४३
३	श्री ने रा मा. वि. सिमखोला	२	४	३	१	१०	२	४	३	४०२	४०
४	श्री सिद्धार्थ मा.वि. घोप्टेओडार	०	३	५	१	९	०	३	५	५३३	५९
५	श्री बुद्धिविकास मा. वि. रातामाटा	०	०	६	१	७	६	२	६	५८५	८४
६	श्री पृथ्वीनारायण मा. वि. जायाचौर	०	०	३	१	४	०	०	३	४६५	११६
७	श्री गंगा मा. वि. चौताराडाँडा	०	०	४	१	५	०	०	४	४१७	८३
८	श्री राष्ट्रिय मा. वि. ओत	१	२	५	१	९	१	२	५	४७४	५३
९	श्री सरस्वती मा. वि. बल्लेपोखरी	०	०	४	१	५	०	०	४	२८४	५७
१०	श्री सरस्वती मा.वि. म्वालेखला	०	०	४	१	५	०	०	४	३५७	७१
११	श्री ने रा आ वि रातामाटा	०	०	३	१	४	०	०	३	१९०	४८
१२	श्री जनताविकास आ वि सुपाटोट्के	०	०	३	१	४	०	०	३	२९१	७३
१३	श्री गणेश आ वि बडाढुङ्गा	०	०	३	१	४	०	०	३	१३६	३४
१४	श्री सिद्धार्थ आ वि ओइलाम	०	२	३	१	६	०	२	३	२३९	४०
१५	श्री बालबोध आ वि झाक्रीसल्ला	०	०	४	१	५	०	०	४	२०९	४२
१६	श्री सिद्ध आ वि बसारेचौर	०	०	४	१	५	०	०	४	२७८	५६
१७	श्री कृष्ण आ वि घरबिर	०	०	३	१	४	०	०	३	९६	२४
१८	भगवती आ वि कुकुरगारे	०	०	३	१	४	०	०	३	१०८	२७
१९	श्री जनता आ वि बिवाङ्चौर	०	०	३	१	४	०	०	३	२४२	६१
२०	श्री सिद्ध प्रा वि रहमाई	०	०	२	१	३	०	०	२	७४	२५
२१	श्री वागेश्वरी प्रा वि गौरीडाँडा	०	०	२	१	३	०	०	२	६४	२१
२२	श्री ने रा प्रा वि लाखुरीचौर	०	०	३	१	४	०	०	३	१२५	३१
२३	श्री जनचेतना प्रा वि लोदचौर	०	०	३	१	४	०	०	३	११०	२८
२४	श्री अमरसत्य प्रा वि	०	०	२	१	३	०	०	२	१२८	४३

२५	श्री बालकल्याण प्रा वि हिलेचौर	०	०	१	०	१	०	०	१	६२	६२
२६	श्री सिद्धेश्वरी प्रा वि घरेलीडाँडा	०	०	०	१	१	०	०	०	९३	९३
२७	श्री जनविकास प्रावि नेटापरी	०	०	०	१	१	०	०	०	१३३	१३३
२८	श्री प्रगतिशिल प्रा वि घोप्टेओढार	०	०	०	१	१	०	०	०	२१	२१
२९	श्री जनचेतना प्रा वि बडामेला	०	०	०	१	१	०	०	०	२२	२२
३०	श्री ज्ञानकुञ्ज प्रा वि गुराँसेडाडा	०	०	०	१	१	०	०	०	५५	५५
३१	श्री ब्रमासिद्ध प्रा वि आरुखोला	०	०	०	१	१	०	०	०	९९	९९
जम्मा		**१३**	**१९**	**८७**	**३०**	**१४९**	**१९**	**२१**	**८७**	**७३५६**	

शिक्षक विद्यार्थीक अनुपात २१ देखि बढीमा १३३ सम्म रहेको छ । यसवाट कतै बढी कार्यवोझ त कतै कम कार्यवोझ परेको देखिन्छ । शिक्षक विद्यार्थिक अनुपातमा सन्तुलन नहुदा पालिकाले समानिकारण अनुदानवाट शिक्षकको तलव भत्ताको लागि रु. २ करोड ९९ लाख ९९ हजार खर्च लेखेको छ । भुभागको हिसावले सम्भव हुने विद्यालयहरु मर्जर गरेर शिक्षक विद्यार्थी अनुपातमा सन्तुलन कायम गर्नपर्दछ ।

४८ **रोजगारी सृजना कार्यक्रमः**

४८.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र रोजगार सृजनाको कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन), २०७९ तयार गरेको छ । यस कार्यक्रमका लागि रु.५३ लाख १६ हजार बजेट विनियोजन भई रु.५२ लाख ३२ हजार निकासा भई पालिका मातहतका ७ वडामा १६ वटा योजना सञ्चालन गरी यस वर्ष ८०७ जना महिला र ३०० जना पुरुष गरी जम्मा ११०७ जना सूचीकृत भएकोमा जम्मा ९० जनालाई औषत ८७ दिन रोजगारी उपलव्ध गराई रु.५२ लाख ३२ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको र लागत अनुमानमा श्रम ज्याला वापत एकमुष्ठ रुपमा रकम खर्च गरेकोले उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४८.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न बाटो खन्ने तथा मर्मत कार्यको लागि विभिन्न योजनाहरु संचालन गरी सम्बन्धित स्वयंसेवक श्रमिकलाई रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा एकै किसिमका नरम माटो कटाई, कडा माटो कटाई, नरम चट्टान कटाई, मध्यम चट्टान कटाई र सोलिङ तथा सुख्खा गारो निर्माण भनी क्रमशः प्रति घन मिटर रु.३३४, रु.४००.८०, रु.१३३६, रु.२७३०, रु.३३०५ र रु.२५०० का दरले भुक्तानी भएकोमा क्रस सेक्शनल नापी किताव पेश नभएको साथै माटो र चट्टान कटाईको प्रमाण पेश नगरी भुक्तानी दिने कार्य नियमित नभएको हुँदा उक्त कार्यको प्रमाणका कागजात पेश गर्नुपर्ने रु.

गो.भौ.नं. र मिति	कार्यक्रमको नाम र वडा नं.	माटोको परिमाण (घन मिटर)		नरम चट्टान	सोलिङ	सुख्खा गारो	श्रमिक संख्या	भुक्तानी रकम
		नरम	कडा					
९२/२०८१/२/२७	ओइलाम घोरेटो बाटो निर्माण (वडा नं. २)	४०३	२३.५७	१.०३	०	१९.२५	३ (औषत कार्यदिन ९८)	१९७७००
९३/२०८१/२/२७	राङजिवाङ्ग मेलडाँरी उर्तिवाङ घो बा तथा सोलिङ निर्माण (वडा नं. १)	२७२.५३	१३.९३	१.७२	६६.०३	२९.२१	७ (औषत कार्यदिन ७४)	७३४८००
जम्मा								**९३२५००**

प्रमाण पेश नगरेको	९,३२,५००

४९ **सामाग्रीको मुल्य भुक्तानः**

युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को बुँदा नं. १६ अनुसार स्थानीय तहले आयोजनाको लागि सूचीकृत बेरोगारको संख्या मानव विकास सूचकांक लगायतका आधारमा प्रति स्थानीय तह औषत ४० जना बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी उपलब्ध गराउन न्यूनतम रोजगारीको कार्यक्रमको संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै सोही कार्यविधिको बुँदा नं. ३०(१) अनुसार भौतिक प्रगतिको आधारमा लाभग्राहीको ज्याला निर्धारण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रम अन्तर्गत योजना संचालन गर्दा ज्यालाको अतिरिक्त निर्माण सामाग्री ढुङ्गाको प्रति घनमिटर रु.१८०० को दरले भुक्तानी गरेकोले कार्यविधि विपरीत सामाग्री वापत भुक्तानी भएको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

गौ.भौ.नं. र मिति	योजनाको नाम र वडा	रोजगारी संख्या	भएको कार्य		भुक्तानी भएको ढुङ्गाको परिमाण (घ.मि.)	भुक्तानी दर	भुक्तानी रकम
			स्टोन सोलिङ	सुख्खा गारो			
९२/२०८१/२/२७	ओइलाम घोरेटो बाटो निर्माण (वडा नं. २)	३	०	१९.२५	२२	१८००	३९६००
९३/२०८१/२/२७	राङजिवाङ्ग मेलडाँरी उर्तिवाङ घो बा तथा सोलिङ निर्माण (वडा नं. १)	७	६६.०३	२९.२१	१२३	१८००	२२१४००
जम्मा							**२६१०००**

असुल गर्नुपर्ने	२,६१,०००

५० **पकेट कार्यक्रम निरन्तरताः**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ अनुसार कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्‍याउने कृषि, पशुपंछि, मत्स्य उत्पादन कार्यलाई व्यवस्थित गर्न तालिका नं. २ अनुसारका क्रियाकलापमा खर्च गर्ने र सो कार्यमा सन्तोषजनक नतिजा प्राप्त गरेको अवस्थामा पालिकाले पकेट कार्यक्रमको निरन्तरताको माध्यमबाट ब्लक कार्यक्रमको लागि आवश्यक न्यूनतम प्रविधि लगायतका विऊ विजन जस्ता कार्यमा खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यविधि अनुसार कार्य नगरी गत आ.व. २०७९।८० मा संचालन भएका आलु बाली पकेट विकास कार्यक्रम र बाख्रा पकेट विकास कार्यक्रममा संचालन भएका आलुको विऊ वितरण तथा ४० थान बाख्राको गोठ निर्माण गरी बाख्राको पाठा वितरण गरेकोमा यस वर्ष उक्त पकेट विकास कार्यक्रमको निरन्तरतामा समेत साविकअनुसार नै कार्यक्रम गरेको छ।

गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	संचालित क्रियाकलाप	गत वर्ष पकेट कार्यक्रम	कुल भुक्तानी रकम
८०/२०८१/२/२१, ९१/२०८१/२/२७ र ११२/२०८१/३/३	आ.व. २०७९।८० मा स्थापना भएका आलुवारी पकेट विकास कार्यक्रमको निरन्तरता	फुलवारी नयाँ आलु पकेट संचालन समितिलाई रु.१४९००० बराबरको आलुको विऊ, ठूलो खोला ओत आलु पकेट संचालन समितिलाई रु.२९९००० र हरियाली नयाँ आलु पकेट संचालन समितिलाई रु.१४९५०० बराबरको आलुको विऊ वितरण गरेको	तिन वटै पकेट कार्यक्रमको लागि संचाई पोखरी विषाधी र आलुको विऊ वितरण गरेको	५९७५००
८८/२०८१/२/२४	आ.व. २०७९।८० मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता	डलसिंगे बाख्रा पकेट विकास संचालक समितिलाई बोयर बाख्रा ३५ थान, पिलेट दाना खरिद ६४ बोरा र स्थानीय दाना वापत रु.३५००० र ढुवानी वापत रु.३८००० गरी रु.१३९५९७० को कार्यसम्पादन प्रतिवेदन तयार गरी त्यसको ५० प्रतिशत अनुदान भुक्तानी	गत वर्ष ४० थान बाख्राको खोर र ४० वटा बोयर जातको बाख्रा रु.९९०००० र ७५-८७ प्रतिशतका ३ थान रु.३६०००० को बोयर जातको बोका खरिद	६९७९८५
जम्मा				**१२९५४८५**

५१ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१क) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार ५० लाखसम्म लागत अनुमान भएको औषधी खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष १२७ औषधी र औषधीजन्य आइटमको लागि रु.३० लाख ८३ हजारको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा रु.११५०४६९ कबोल गर्ने बंगलामुखी मेडिसिन सप्लायर्ससँग सम्झौता गरी माथि उल्लेखित परिमाणको मिति २०८१।२।३० मा दाखिला प्रतिवेदनको आधारले गो.भौ.नं. ११७/२०८१/३/५ बाट रु.११५०४६९ र सोही दरको आधारमा औषधी अपुग भएको भनी पुन सोही बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि. सँग औषधी खरिद गरी गो.भौ.नं. १७०/२०८१/३/२१ बाट रु.१०७०८०५ गरी कुल रु.२२२१२७४ भुक्तानी भएको स्रोस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकालाई आवश्यक पर्ने औषधि र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।

ख) आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।

ग) आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।

घ) यसवर्ष पालिकाले माथी उल्लेखित फर्मसँग रु.२२२१२७४ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन। जसले गर्दा पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

५२ **विशेष अनुदानः**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(३) अनुसार स्थानीय तहले विशेष अनुदानमा कार्यक्रम संचालन गर्न अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव तयार गर्नुपर्ने, बुँदा नं. ८ अनुसार स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको सो आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने र विशेष अनुदानबापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजन/ कार्यक्रममा खर्च गर्न नपाइने तथा चालू प्रकृतिको

कार्यमा खर्च गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त (विशेष अनुदान) बजेटको समुदायमा आधारित मातृ नवशिशु तथा बाल स्वास्थ्य हेरचाह तथा व्यवस्थापन सवलीकरण परियोजना संचालन गर्नको लागि रु.९० लाख प्राप्त भएकोमा पालिकाले कार्यविधि अनुसार पालिकाले तयार गरी राष्ट्रिय योजना आयोगले स्वीकृत गरेको योजना/ कार्यक्रमको विस्तृत प्रतिवेदन अनुरुप कार्यक्रम संचालन नगरी गाउँ कार्यपालिकाले विभिन्न कार्यक्रम तथा तालिमको लागि बजेटको टुक्रा पारि निम्नानुसारको गो भौ नं बाट खर्च लेखेकोले कार्यविधि विपरित खर्च लेखेको रु.

गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	संचालित कृयाकलाप	भुक्तानी रकम
१३१/२०८१/३/११	मातृ नवशिशु तथा बाल स्वास्थ्य हेरचाह तथा व्यवस्थापन सवलीकरण परियोजना संचालन	इन्भर्टर ब्याट्री खरिद	४९९९०४
३३८/२०८१/३/११		महिला स्वास्थ्य स्वमं सेविकाहरुका लागि मेडिक मोबाइल तालिम संचालन	७०४००
१४२/२०८१/३/१२		महिला स्वास्थ्य स्वमं सेविकाहरुका लागि २ दिने मातृ तथा नवजात शिशु र बाल रोग सम्बन्धी तालिम संचालन	११९३६६
१४५/२०८१/३/१३		मातृ तथा नवजात शिशु सम्बन्धी कार्यक्रम संचालन	८७८५०
१६१/२०८१/३/१८		कुकुरगारे वर्थिङ सेन्टर मर्मत वापत उपभोक्ता समितिलाई भुक्तानी	४८००००
१७१/२०८१/३/२१		स्वास्थ्य संस्थाको लागि सर्जिकल सामाग्री खरिद वापत मुक्तिनाथ मेडिको फर्मालाई भुक्तानी	३४८४४२०
१७६/२०८१/३/२२		ओत स्वास्थ्य चौकी वर्थिङ सेन्टर मर्मत वापत उपभोक्ता समितिलाई भुक्तानी	६७२०००
१७९/२०८१/३/२३		जिनावाङ वर्थिङ सेन्टर भवन मर्मत गरेवापत उपभोक्ता समितिलाई भुक्तानी	१३२०२००
१८०/२०८१/३/२४		वर्थिङ सेन्टर भवन मर्मत तथा सुत्केरी कुरुवा कक्ष निर्माण उपभोक्ता समितिलाई भुक्तानी	१३०१५००
कुल जम्मा			**७९९९६४०**

अनियमित भएको	७९,९९,६४०

५३ **सीमा भन्दा बढीको कार्य:**

सार्वजनिक खरिद नियमावली २०७७ को नियम ९७(१ क) अनुसार उपभोक्ता समितिलाई मू अ कर, ओभरहेड रकम, कन्टिन्जेन्सी र जनसहभागिता सहितको रु.१ करोड लागत अनुमान भएको निर्माण कार्य वा सेवा सोहि स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित व्यवस्था बिपरित हुने गरी संघीय सरकार सशर्त अनुदान शीर्षकको केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पुर्वाधार व्यवस्थापन अनुदान शिर्षकमा विनियोजन भएको रु. १ करोड भएकोमा छात्राबास भवन निर्माणको लागि छात्रबास निर्माण र छात्राबास निर्माणको लागि भनी जनश्रमदान, मू अ कर, ओभरहेड, कन्टिनजिन्सी बाहेक १ करोड भुक्तानी गरी अनियमित भएको हुदा खरिद कानून अनुसार खरिद गर्नुपर्ने रु.

अनियमित भएको	१,००,००,०००

५४ **विभिन्न पकेट कार्यक्रम संचालन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले बजेटमा विनियोजन भएको कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं १, २ र ६ मा व्यवसायिक लसुन पकेट विकास कार्यक्रम ५०% अनुदान र वडा नं ३,४,५ र ७ मा व्यवसायिक आलु पकेट विकास कार्यक्रम ५०% अनुदान कार्यक्रमको लागि बजेट विनियोजन गरेकोमा पकेट कार्यक्रम विकास गर्नको लागि लाभग्राहीको ५० प्रतिशत लागत साझेदारीमा पकेट विकासका विभिन्न कार्यक्रम संचालन गर्नुपर्नेमा गाँउ कार्यपालिकाको मिति २०८०।५।६ को बैठकले प्रस्ताब नं ६ माथि छलफल गरी किसानलाई आलु तथा लसुनको बीउ खरिद गरी निशुल्क वितरण गर्ने निर्णय गरी कार्यविधि विपरित खर्च गरेको रकम रु. १०९०९९९ संघिय सन्चित कोषमा फिर्ता हुनुपर्ने रु.

गो.भौ.नं. र मिति	**कार्यक्रमको नाम**	**संचालित कृयाकलाप**	**लाभग्राही समुह**	**भुक्तानी लिने पार्टी**	**भुक्तानी रकम**	**साझेदारी खर्च**
२/२०८०/१०/१२	वडा नं १, २ र ६ मा व्यवसायिक लसुन पकेट विकास कार्यक्रम ५० % अनुदान	लसुनको विउ वितरण	वत कृषि सहकारी संस्था, फारुला कृषक समुह र लालीगुरास कृषक समुह	निर्जला फलफुल तथा फलफुल फर्म	७२७७००	३६३८५०
४/२०८०/११/२३	वडा नं ३, ४ , ५ र ७ मा व्यवसायिक आलु पकेट विकास कार्यक्रम ५०% अनुदान	कार्डिनल, जनकदेव , एम एस जातको आलुको विउ ०.५ देखि १ ग्रामको ३००० किलो , १ देखि ५ ग्रामको २४७०० किलो , ५ ग्रामको आलुको बिउ १८८५० किलो खरिद गरी वितरण गरेको ,	चामी सुकिदह कृषि सहकारी संस्था लिमिटेड हमपाल कृषक समुह	श्रीराम निकेतन बायोटिक प्रा. लि.	७७६५००	३८८२५०
७/२०८१/१/३		आलुको विउ वितरण	१३१ जनालाई परिवारलाई औषतमा ५० के जि को दरले वितरण	खड्का कृषि तथा पशुपंक्षी फर्म	५७८०००	२८९०००
१०/२०८१/१/९		पि.विएस आलुको विउ वितरण		खाद्यान्न तथा बीउ आलु अलैची तथा फलफूल नर्सरी	९९७९८	४९८९९
जम्मा					**२१८१९९८**	**१०९०९९९**

असुल गर्नुपर्ने	१०,९०,९९९

५५ **उपभोक्ता समितिलाई विलभन्दा बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समितिलाई हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल , भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको

उपभोक्ता समितिलाई विभिन्न सामान खरिद गरेको कार्यको उपभोक्ता समितिले पेश गरेको बिजक भन्दा बढि दरमा भुक्तानी दिदा मु.अ. कर वापत बढी भुक्तानी दिएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

गो भौ नं र मिति	उपभोक्ता समितिको नाम	सामाग्री खरिद	भुक्तानी रकम(प्रति मिटर)	विजक मूल्य (प्रति मिटर)	बढि भुक्तानी	बढि मु.अ. कर
९०।०८१।३।२५	फर्केमेल महिरुपे खानेपानी निर्माण उ स	पाइप ४० एम एम ४०० मिटर	१९०	१४२	१९२००	२४९६
		पाइप ५० एम एम को ३०० मिटर	२९५	२१८		३००३
१०१।०८१।३।१७	बुद्धिविकास मा वि खनेपानी विकास निर्माण	पाइप २५ एम एम ४०० मिटर	७६	५८	७२००	९३६
		२० एम एम १८०० मिटर	५०	३९	१९८००	२५७४
		जि आइ पाइप ३२ एम एम २४० मि	६१०	५२७	१९९२०	२५९०
१०२।०८१।३।१७	खोलापट्टी खानेपानी निर्माण	पाइप ४० एम एम २३०० मि	१९०	१५७	७५९००	९८६७
		पाइप ३२ एम एम ८०० मि	१२४	१०२	१७६००	२२८८
	जम्मा				**१८२७२०**	**२३७५४**

असुल गर्नुपर्ने	२३,७५४

५६ **नविकरणीय उर्जा प्रविधि:**

नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनिहरुको १० प्रतिशत नगद योगदानको आधारमा उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लघु जलविद्युत ,जैविक उर्जा, बायोग्यास प्लान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले नविकरणिय उर्जा शिर्षकमा विनियोजन भएको रकमबाट गाँउपालिकाका विभिन्न वडा कार्यालयमा सोलार लाईट खरिद गरी गो.भौ.नं. ५/२०८०/११/२३ बाट भुकतानी दिई वितरण गरेको छ ।

५७ **निर्माण सामाग्रीको बिजकभन्दा बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार सार्वजनिक निकायले उपभोक्ता समितिसँग निर्माण कार्य गराउदा प्राविधिक बिल र त्यसलाई प्रमाणित गर्ने बिल विजक को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिलाई विभिन्न कार्य गर्नको लागि जिल्ला दर रेटको आधारमा लागत अनुमान तयार गरी कार्यदेश दिएकोमा उपभोक्ता समितिले निर्माण कार्यको लागि कम विजक पेश गरेको अवस्थामा समेत लागत अनुमानकै रकम भुक्तानी भएको हुदा विजक भन्दा बढी भुक्तानी हुदा मु.अ.कर वापत बढी भुक्तान भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

गो भौ नं र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी भएको आइटमहरु	लागत अनुमान अनुसार भुक्तानी भएको रकम(मू.अ. कर	विजक जारि भएको	बिजक भन्दा बढी भुक्तानी	बढी मु.अ. कर
१२२। ०८१। ३।२३	४ नं वडा कार्यालय भवन	सिमेन्ट १०४२ बोरा	९३७८००	९५५ बोराको को औषत ४०० का दरले ३८२०००	५५५८००	७२२५४
		डण्डी ९९१० के जी	लागत अनुमान प्रति के जि ११५ का दरले भुक्तानी	डण्डी को विल प्रति के जी ८५ का दरले भुक्तानी	२९७३००	३८६४९
		इट्टा को भुक्तानी १४६०० पिसको भुक्तानी	लागत अनुमान अनुसार १९. ९१ प्रति पिसको भुक्तानी	प्रति इट्टा ११ का दरले बिजक जारी	१३००८६	१६९११
३। ०८१। ३।६	रुखागौरी घामतारा खा पा योजना मर्मत सुधार	डण्डी को १७० के जी	भुक्तानी रकम प्रति के जि ११५ का दरले	विजक विल १०६ के जी को ९५ का दरले भुक्तानी	१५४८०	२०१२
		फलामे गेटको	भुक्तानी रकम २८३०६	विजक जारी १८०९५	१०२११	१३२७
		एम एस ए(६३०)	१२४५१२	११९६६०	४८५२	६३०
३९। ०८१। ३।२४	सिद्धार्थ मा वी भवन निर्माण	इट्टा ३७२७३ पिसको भुक्तानी	प्रति पिस १९. ९१ का दरले भुक्तानी	२६००० पिस इट्टाको प्रति पिस ११ का दरले बिजक पेश	२५००००	३२५००
४। ०८१। ३।१४	तल्लो ढलसिंगे खा पा योजना निर्माण उ स	डण्डी ११३४ के जी	११५ प्रति के जी	विजक ८२ प्रति के जी	३७४२२	४८६४
				जम्मा	**१३०११५१**	**१६९१४७**
					असुल गर्नुपर्ने	१,६९,१४७

५८ **निर्माण व्यवसायीद्धारा निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३ क) मा उपभोक्त समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराउन नहुने व्यवस्था रहेकोमा पालिकाले निम्न उपभोक्ता समितिले गरेको कार्यमा सम्पुर्ण कार्य नै निर्माण व्यवसायीवाट गराएर भुक्तानी दिएको पाइयो । यस्तो प्रबृत्तिमा सुधार हुनुपर्दछ।

गो भौ नं र मिति	निर्माण कार्य	उपभोक्ता समितिको नाम	निर्माण व्यवसायी	भुक्तानी रकम
१२४।०८१।३। २३	बाटो मर्मत	परेविखोला मोटरबाटो स्तरउन्नती निर्माण उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	५८९६००
१२५।०८१।३। २३	बाटो मर्मत	भोगचौर सडक निर्माण उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	१९९७६२
१२८।०८१।३। २४	बाटो मर्मत	आराखोला ओडार सडक मर्मत उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	३१०७२५
१२९।०८१।३। २४	बाटो निर्माण	रिचावाँङ्ग हाम्खु जोड्ने बाटो निर्माण	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	१८०१३३४
२१।०८१।३।२३	मोटरबाटो निर्माण	फुलबास लोदेचौर मो बा स्तरउन्नति उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	३४८५३००
२०।०८१।३।२३	मोटरबाटो निर्माण	लोदचौर फुलबास छेरा इलसिंगे मो बा निर्माण उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	३२३३९०८

५९ **बिजक पेश नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई निर्माण कार्यको हरेक किस्ताको भुक्तानी दिदा प्राविधिक मूल्याङ्कन,बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात पेश गरेरमात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । माथी उल्लेखित प्रावधान विपरित हुने गरी विभिन्न सडक बाटो स्तरोउन्नती उपभोक्ता समितिले सडक निर्माणको कार्य सत प्रतिशत निर्माण व्यवसायीको मेसिन प्रयोग गरी कार्य गरेकोमा कार्यसम्पन्न बराबरको बिलविजक तथा उपभोक्ता समितिले वास्तविक के काम गरेको हो सो को प्रमाण खुल्ने गरी प्रमाण कागजातका साथ डोरहाजिरी पेश गर्नुपर्नेमा सो नगरी कार्यसम्पन्न प्रतिवेदन भन्दा कम प्रमाण कागजात पेश गरी भुक्तानी भएको हुदा बाँकी कामको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ. नं. र मिति	उपभोक्ता समितिको नाम	निर्माण व्यवसायी	कार्यसम्पन्न	निर्माण व्यवसायोको विजक पेश	उपभोक्तासमितिलाई जनश्रमदानसहित भुक्तानी दिनुपर्ने रकम	जनश्रमदानबाहेक भुक्तानी भएको रकम	प्रमाण पेश गर्नुपर्ने रकम
१२४। ०८१। ३।२३	परेवीखोला मोटर बाटो निर्माण उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	७३७२२४.४७	५८९८५१.३७	७३७२२४.४७	५८९८५१.३७	१४७३७३.३३
१२५। ०८१। ३।२३	भोगचौर सडक निर्माण उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	२५१७६९.११	१९९७६२	२५१७६९.११	१९९७६२	५२००७.११
१२८। ०८१। ३।२४	आराखोला ओडार सडक मर्मत उ स	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	३१०७२५	२४४१८७	३१०७२५	२४४१८७	६६५३८
१२९। ०८१। ३।२४	रिचावाँङ्ग हाम्खु जोड्ने बाटो निर्माण	विश्व एण्ड टाइगर टप कन्ट्रक्सन प्रा ली	१८०१३३४	१४४०००७	१८०१३३५	१४४०००७	३६१३२८
				जम्मा			**६२७२४६**

प्रमाण पेश नगरेको	६,२७,२४६

६० **बढी पेश्की भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११३ अनुसार निर्माण व्यवसायीलाई खरिद सम्झौतामा व्यवस्था भए अनुसार पेश्की दिन सकिने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त अन्तर्गतको जोगले जलेखर्क मो.बा. निर्माणको लागि रु.८८१६१६६.०५ को लागत अनुमान तयार गरी रु.४४८८१५८ (मु.अ. कर र पि.एस. बाहेक) कबोल गर्ने हरिसिद्धि कन्स्ट्रसन एण्ड सप्लायर्सलाई खरिद सम्झौता अनुसार बढीमा कबोल अंकको १० प्रतिशतले हुने रु.४४८८१५ पेश्की दिनुपर्नेमा गो.भौ.नं. १०/२०८१/२/१० बाट रु.२५११८५ बढी हुने गरी रु.७००००० पेश्की दिएको हुँदा सम्झौता भन्दा बढी पेश्की रकमको १० प्रतिशतले हुने ब्याज रु.२५११८ र बढी पेश्की सहित रु.२७६३०३ असुल गरी दाखिला गर्नुपर्ने रु.

पेश्की	२,७६,३०३

६१ **प्रमाण पेशः**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सार्वजनिक रकम खर्च गर्दा विल भरपाई र उचित प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का नं. २/२०८०/८१ को बखुर हिलेचौर मंग्रा मुलाभिर स्वास्थ्य चौकी सहिदपार्क पारेचौर हुँदै चैतेका फल मोटर बाटो निर्माण तथा स्तरउन्नतीको ठेक्का कवोल गर्ने छत्रेश्वरी कन्सट्रक्सन प्रा.लि. लाई गो.भौ.नं. २२/२०८१/३/२४ बाट भुक्तानी गर्दा विमा र बोर्डको बिल भरपाई बेगर रु.३५००० भुक्तानी भएको हुँदा उक्त कार्यको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३५,०००

६२ **निर्माण व्यवसायीको भुक्तानी**

सडक विभागद्धारा जारी डोरको नर्स अनुसार कुनै निर्माण साइटमा हार्ड रक कटिङ्ग भएको अवस्थामा कटिङ्ग परिमाणको ५० प्रतिशत परिमाण सोहि योजनामा प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लोदचौर फुलबास छेरा डलसिंगे मो वा स्तरउन्नती कार्यको लागि हार्ड रक कटिङ्ग को ५२७ क्यू मि परिमाणको ५० प्रतिशतका दरले हुने २६३ क्यू मि ढुङ्गा सोहि योजनामा प्रयोग गर्नुपर्ने व्यवस्था रहेकोमा स्टोन सोलिङ्ग गरेको भनी ६ क्यू मी र रुवल र्यान्डम मेसिनरी वाल निर्माण कार्य गरेको भनी १५.३४ को लागि २४.०८ परिमाणको ढुङ्गा प्रति म्यू मि रु. १८०० का दरले भुक्तानी भएको हुदा उक्त भुक्तानी भएको रु. ४३२१८ असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४३,२१८

६३ **परामर्श सेवा खरिदः**

६३.१ सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरु योजना डी.पी.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

गो.भौ.नं र मिति	डि पि आर	परामर्शदाताको नाम	भुक्तानी रकम	परामर्शबाट निर्धारित लागत अनुमान	यस वर्ष विनियोजित बजेट
४८२/२०८१/३/१७	गा.पा. को आवधिक योजना तयारी	हेड लाइट प्रा.लि.	१४९००००		
५९३/२०८१/३/२४	जोगीडाँडा र हिलेडाँडा उपल्लो जाने बाटो	ए.आर.आर. इन्जिनियरिङ एण्ड कन्सल्ट सर्भिस प्रा.लि.	१७९९२००	३३८८०८३५५	नभएको
२३७/२०८१/१/२३	सुख्खा ओडार गुफा	साहारा कन्सल्टेन्सी प्रा.लि.	६८९३००	१८८२७६३४.५	नभएको
२३५/२०८१/१/२३	जलेखर्क घोरनेटी बरामेला सडक	श्री आर इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग प्रा.लि.	७१७५००	६४३३१९५९	नभएको

६३.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत इन्सेप्सन रिपोर्ट पेश भएपछि, ४० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ३० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

६३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

६४ सोधभर्ना भुक्तानी

६४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यको लागि परामर्शदातासँग नभएका जनशक्ति र सोधभर्ना हुने रकमको प्रमाण कागजात संलग्न नगरी पालिकाको लागत अनुमान कै हाराहारीमा परामर्शदाताको कबोल अंकको आधार भुक्तानी भएको हुँदा सोधभर्ना हुने आइटमको प्रमाण पेश हुनुपर्ने रु.

परामर्शदाताको नाम	परामर्श सेवा	सोधभर्ना हुने रकम
ए.आर.आर. इन्जिनियरिङ एण्ड कन्सल्ट सर्भिस प्रा.लि.	जोगीडाँडा र हिलेडाँडा उपल्लो जाने बाटो	३२०६६०
साहारा कन्सल्टेन्सी प्रा.लि.	सुख्खा ओडार गुफा	१४००००
थ्री आर इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग प्रा.लि.	जलेखर्क घोरनेटी बरामेला सडक	८८४३८
जम्मा		**५४९०९८**

प्रमाण पेश नगरेको	५,४९,०९८

६४.२ पालिकाले गा.पा. को आवधिक योजना निर्माणको लागि हेडलाइट प्रा.लि. सँग मिति २०८१।१।३१ मा सम्झौता गरी मिति २०८१।३।३० सम्म योजना तयार गर्ने गरी कार्यादेश दिई गो.भौ.नं. ४८२/२०८१/३/१७ बाट रु.१४९०००० भुक्तानी भएकोमा लेखापरीक्षणको दौरान आर्थिक र प्राविधिक प्रस्ताव पेश नभएको हुँदा उक्त परामर्शदातासँग लागत अनुमान अनुसार योग्य जनशक्ति भए/नभएको यकिन नहुनुको साथै तयार गरिएको आवधिक योजना वस्तुनिष्ठ र यथार्थपरक भएको सम्बन्धमा यकिन गर्न सकिएन ।

६५ **लेखा सम्बन्धी तालिम संचालनः**

पालिकाले विद्यालयका लेखापाल र प्र अ लाई लेखासम्बन्धी तालीम सन्चाल गरी गाँउपालिका चालु गो भौ नं ५२३, २०८१।३।१९ वाट रु. ९९००००।० र पाठ्यक्रम प्रवोधिकर तालिम सन्चालन गरी शिक्षातर्फको गो भौ नं ७, २०८१।३।१९ बाट रु. ३०००००।० गरी जम्मा रु. १२९००००।० ग्रामीण युवा सरोकार केन्द्रलाई भुक्तानी दिएको सम्बन्धमा निम्न व्यहोरा देखियो ।

क. पालिकाले कार्यक्रममको लागत अनुमान तयार गर्ने सम्बन्धमा संघीय, प्रदेश वा स्थानीय तहको कुनको स्विकृत नर्म्सलाई आधार लिएको हो ? सो व्यहोरा उल्लेख नगरी ठोस आधारविना नै लागत अनुमान तयार गरी प्रस्ताव आह्वान गरेको छ ।

ख. कार्यक्रमलाई ५ भागमा विभाजन गरी आधारभुत तथा माध्यमिक तहका शिक्षकलाई पाठ्यक्रम प्रबोधिकरण तालिम, आधारभुत तथा माध्यमिक तहका गणित शिक्षकको विषयगत क्षमता विकासका लागि तालिम, आधारभुत तथा माध्यमिक तहका विज्ञान शिक्षकको विषयगत क्षमता विकासका लागि तालिम कार्यक्रम, आधारभुत तथा माध्यमिक तहका अंग्रेजी शिक्षकको विषयगत क्षमता विकासका लागि तालिम कार्यक्रम र सामदायिक विद्यालयका लेखापाल र प्रधानाध्यापकहरुका लागि लेखा व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम कार्यक्रम सन्चालन गरेकोमा हरेक कार्यक्रमका सहभागीलाई यातायात खर्चवापत कार्यक्रममा राखि प्रति कार्यक्रम प्रति सहभागी रु.१००० दरले ४०/४० सहभागीलाई भुक्तानी दिएको रकम रु. २०००००।० को भर्पाई पेश नभएकोले सोको भर्पाई पेश हुनुपर्ने अन्यथा ग्रामीण युवा सरोकार केन्द्रवाट उक्त रकम असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

६६ **रोयल्टी:**

लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि - ६ बमोजिम पहाडका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा, ग्राभेल प्रति क्युव फिट रु.६ र माटो संकलनमा प्रति क्युव फिट रु.३ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ । स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ । पालिका भित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो, ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा भर्पाइको आधारमा खरिद गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो । भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको रोयल्टि असुल गर्नेतर्फ प्रयत्न गर्नुपर्दछ

६७ **विशेष योजना**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४(३) अनुसार स्थानीय तहले विशेष अनुदानमा कार्यक्रम संचालन गर्न अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव तयार गर्नुपर्ने, बुँदा नं. ८ अनुसार स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको सो आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने र विशेष अनुदानबापत प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने आयोजन/कार्यक्रममा खर्च गर्न नपाइने तथा चालू प्रकृतिको कार्यमा खर्च गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले संघीय सशर्त विशेष योजनामा विनियोजन भएको गंगादेव गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण र सरोकारवालाहरुको क्षमता अभिवृद्धि परियोजनाको लागि विनियोजन भएको रु.८० लाखलाई विभिन्न टुक्रा पारी निम्नानुसारको गो.भौ.नं. बाट खर्च लेखी कार्यविधि विपरीत खर्च गरेको रु.

गो.भौ.नं. र मिति	**कार्यक्रम/क्रियाकलापको नाम**	**संचालित क्रियाकलाप**	**भुक्तानि पाउने पार्टी**	**भुक्तानी रकम रु.**
२१/२०८१/३/२२	गंगादेव गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिमैत्री भौतिक पूर्वाधार निर्माण र सरोकारवालाहरुको क्षमता अभिवृद्धि परियोजना	श्री राष्ट्रिय मा.वि. को लागि कम्प्युटर लगायत अन्य उपकरण खरिद	न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स प्रा.लि.	४४९७०५
२२/२०८१/३/२२		श्री राष्ट्रिय मा.वि. को लागि मेसिनरी सामान खरिद	ब्रोसिस इन्फोटेक	९९५७९०
२३/२०८१/३/२२		श्री राष्ट्रिय मा.वि. को लागि फर्निचर सामान खरिद	घर्तीगाउँ सप्लायर्स	७६२७५०
३०/२०८१/३/२३		श्री राष्ट्रिय मा.वि. को भवन निर्माण	राष्ट्रिय मा.वि. भवन निर्माण उ.स.	५३९३६२०
३३/२०८१/३/२३		श्री राष्ट्रिय मा.वि. को लागि सामान उपलब्ध गराए वापत	शर्मा जनरल स्टोर	१३९८९
३४/२०८१/३/२३		श्री राष्ट्रिय मा.वि. को लागि फिल्टर उपलब्ध गराए वापत	के एण्ड के किचन एप्लाइसेन्स	१४१२५०
जम्मा				**७७५७१०४**

अनियमित भएको	७७,५७,१०४

६८ **उपभोक्ता समितिबाट खरिद कार्य:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार श्रममुलक कार्य जसको लाभग्राही समुहको हुने र भविश्यमा निर्मित कार्यको रेखदेख तथा मर्मत संम्भार हुने कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ । पालिका मातहतका विभिन्न उपभोक्ता समितिले सामान खरिद गर्न समेत उपभोक्ता समिति गठन गरी सामान खरिद गरेको देखियो । कार्यालयले प्रतिस्पर्धि तवरले खरिद गरि उपभोक्तालाई वितरण गर्नुपर्नेमा उपभोक्तालाई नै सो जिम्मेवारी दिँदा प्रतिस्पर्धा कम भएको छ ।

गो.भौ.नं र मिति	योजनाको नाम	खरिद गरेको आइटम	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
८३।०८९।३।१३	मछाईने खानेपानी पम्प खरिद	खानेपानी पम्प खरिद	मछाइने खानेपानी निर्माण पम्प खरिद उ.स.	१८८०००
१०२।०८१।३।१७	खोतापट्टि खानेपानी निर्माण	पाइप खरिद	खोतापट्टि खानेपानी निर्माण उ.स	४७८५००
२७।०८१।२।२८	उकाला पाइप खरिद तथा धारा निर्माण	पाइप खरिद	उकाला पाइप खरिद तथा धार निर्माण उ. स	१३१६५९
८१।०८१।३।१२	बजु पुज्ने खानेपानी निर्माण	पाइप तथा फिटिङ्ग खरिद	बजु पुज्ने खानेपानी निर्माण उ.स.	१४२०००
९०।०८१।३।२५	फर्केमेल महिरुपे खानेपानी	पाइप खरिद	फुर्केमेल मैरुपे खानेपानी मर्मत र ओखरबोट खा.पा. मर्मत निर्माण उ.स.	१८९०००
जम्मा				**११२९१५९**

६९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित हुने गरी खरिद कार्यलाई टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले पुँजीगत खर्च मध्ये ७० प्रतिशतभन्दा माथि बाटो निर्माण तथा मर्मत कार्यमा डोजर तथा एक्साभेटरको प्रयोग गरी निर्माण कार्य गर्ने गरेकोले जसमध्ये केही निम्नानुसारको वडामा बाटो मर्मत तथा सुधार कार्यको लागि टुक्रा टुक्रा पारी (सोझै खरिद) मूल्य सुचि माग गरी कार्य गराएको देखिएकोले आगामी दिनमा बाटो मर्मत हुने स्थानको लगत तयार गरी डोजरको खरिद प्रकृया अनुसार मूल्य सूची तयार मितव्ययी तवरले रकम खर्च गर्नुपर्दछ। प्रचलित कानूनी व्यवस्थाको पालना नगरेकोले अनियमित देखिएको रु.

गो.भौ.नं. र मिति	कार्य	निर्माण व्यवसायी	वडा	रकम रु.
२१/२०८१/३/२३	बाटो निर्माण	विश्व एण्ड टाइगर टप कन्स्ट्रशन प्रा.लि.		१४३१४००
१२८/२०८१/३/२४	बाटो मर्मत	विश्व एण्ड टाइगर टप कन्स्ट्रशन प्रा.लि.		२४४१००
१२५/२०८१/३/२३	बाटो मर्मत	विश्व एण्ड टाइगर टप कन्स्ट्रशन प्रा.लि.		१९९७००
१२४/२०८१/३/२३	बाटो निर्माण तथा मर्मत	विश्व एण्ड टाइगर टप कन्स्ट्रशन प्रा.लि.		५८९८५१
जम्मा				**२४६५०५१**

अनियमित भएको	२४,६५,०५१

७० **सामाजिक सुरक्षा भत्ताः**

७०.१ पालिकाले यस बर्ष सामाजिक सुरक्षा शीर्षकमा रु.१० करोड ४३ लाख ८३ हजार निकासा दिई रु.१० करोड ४३ लाख ८३ हजार लाभग्राहीलाई वितरण गरी रु.१० करोड ४३ लाख ८३ हजार फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

७०.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण

योजना अनुसार वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । नमुनागत रुपमा केहि लाभग्राहीको भत्ता वितरण कार्यलाई परिक्षण गर्दा निम्नानुसारको व्यक्तिको नाममा दोहोरो निकासा भएको देखिएकोले उक्त रकम पालिकाले छानविन गरी संचित कोषमा फिर्ता पठाउनु पर्दछ।

Social Assistance Type Name	**Ward No.**	**Personal Id**	**Member Name**	**Father Name**	**Deposited Amount**
Child Nutrition Grant(Area)	4	2076081114702	Anita Oli	Basata Oli	1596
Child Nutrition Grant(Area)	4	2076081108753	Anita oli	Basant Oli	1596
Widow	4	2026100900516	Basmati Dangi	Guman Singh Oli	7980
Widow	4	2026100900524	Basmati Dangi	Gumansingh Oli	7980
Senior citizen’s allowance-Others	4	2012120603637	DEUMATI KHADKA	Gopi Oli	12000
Senior citizen’s allowance-Others	6	2012120603645	DEUMATI KHADKA	Gopi Oli	0
Senior Citizen's Single women’s allowance	4	2012120603637	DEUMATI KHADKA	Gopi Oli	7980
Senior Citizen's Single women’s allowance	6	2012120603645	DEUMATI KHADKA	Gopi Oli	7980
Senior citizen’s allowance-Others	4	2024081100446	PAMPHI DANGI	Jhupa Oli	12000
Senior citizen’s allowance-Others	4	2011051010697	PAMPHI DANGI	Jhuplal Oli	12000
Senior citizen’s allowance-Others	6	1997010204663	PRABIR OLI	Mane Oli	12000
Senior citizen’s allowance-Others	7	1997010203665	PRABIR OLI	Mane Oli	0
Senior citizen’s allowance-Others	6	1997010204663	PRABIR OLI	Mane Oli	12000
Senior citizen’s allowance-Others	7	1997010203665	PRABIR OLI	Mane Oli	12000
Severely Disabled Grant	6	2068020902503	Rupa Oli	Keshav Bahadur Oli	6384
Severely Disabled Grant	6	2068022901669	Rupa Oli	Keshab Bahadur Oli	6384
Child Nutrition Grant(Area)	4	2076030808867	Sangita Oli	Lalit Oli	1201
Child Nutrition Grant(Area)	4	2076030808768	Sangita Oli	Lalit Oli	1201
Child Nutrition Grant(Area)	4	2076030808867	Sangita Oli	Lalit Oli	1596
Child Nutrition Grant(Area)	4	2076030808768	Sangita Oli	Lalit Oli	1596

७०.३ पालिकाले सामाजिक सुरक्षाको विवरण तयार गर्दा आ.व. २०७९।८० मा अन्तिममा कायम भएको लाभग्राहीलाई आ.व. २०८०।८१ को सुरुमा जिम्मेवारी सारी त्यसमा लगत कट्टाको विवरण कट्टी गरी नया थप विवरण गरी नँया लागभ्राहीको विवरण तयार गरी भुक्तानी दिनुपर्नेमा पालिकाले तयार गरेको निम्न अनुसारको डाँटा फरक परेको हुदा पालिकाले छानविन गर्नुपर्दछ।

लक्ष्य समूह	गत वर्षको अन्तिम त्रैमासिकमा कायम रहेका लाभग्राहीको संख्या	यस आ.व. मा नवीकरण भएको संख्या	फरक संख्या
अन्य ज्येष्ठ नागरिक भत्ता	९६७	९६५	२
ज्येष्ठ नागरिक भत्ता (दलित)	८९	८९	०
ज्येष्ठ नागरिक एकल महिला	११०	११०	०
विधवा	२८८	२८८	०
पूर्ण अपांगता भत्ता	२४	२४	०
अति अशक्त अपांगता भत्ता	१४३	१४३	०
क्षेत्र तोकिएका बालबालिका	२५४५	२४७८	६७
दलित बालबालिका	३०६	२९६	१०
जम्मा	**४४७२**	**४३९३**	**७९**

७१ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.७५०००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति/ फर्म/ कम्पनीको नाम	म्याद नाघेको	फर्स्यौटको अन्तिम मिति	म्याद ननाघेको
१	लाकुरी ट्रस, आरुचौर झोपु, दलसिं खोला, राउटे रहे बालचार झोपु, दोमै खोला झोपु	स्याला खोला झोलुङ्गे पुल निर्माण उ.स.	०	२०८१।४।२७	७५००००

७२ **कार्यसम्पादन प्रोत्साहन भत्ताः**

सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को बुदाँ नं. ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त भत्ता, खाजाखाना लगायतका कुनै प्रकारका भत्ता प्रदान गरिने छैन। पालिकाले आन्तरिक श्रोतको सिमितता र वित्तीय समानीकरण अनुदानको परनिर्भरतामा मापदण्डविपरीत प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख लगायत २० जना कर्मचारीलाई अतिरिक्त समय काम गरेको भनि रु ६९३५०० भुक्तानी दिएको छ। पालिकाले बजेट निर्माणको समयमा अतिरिक्त समय काम गरेको भनि सोमा संलग्न कर्मचारीलाई अतिरिक्त भत्ता उपलब्ध गराएकोमा अतिरिक्त समय काम गरेको पुष्टि हुने कागजात समावेश गरेको देखिएन ।

अनियमित भएको	६,९३,५००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुकिदह गाउँपालिका, रोल्पा , सुकिदह गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शालिकराम बस्नेत	२०७७-१०-६	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	दुर्गबहादुर ओली	२०८०-८-२०	२०८१-६-२३
लेखा प्रमुख	प्रेम खत्री	२०७८-९-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,६१६,८६८	३०,२१३,३८१	३,२६७,०४४	०	०	२७६,३०३
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३५,३७३,५९६
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३५,३७३,५९६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८०७०३७८.५१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६१७०६७५१	चालु खर्च	२७७९५०१४९.०२
प्रदेश सरकारबाट अनुदान	२७९३४०००	पूँजीगत खर्च	८६५९०२६१
राजश्व बाँडफाँट	७८२२२९४७.५८	वित्तीय/अन्य व्यवस्था	८३६९२०५०
आन्तरिक आय	१९४७२४५.१४		
अन्य आय	८६३३८८२०		
कुल आय	४५६१४९७६३.७२	कुल खर्च	४४८२३२४६०.०२
बाँकी मौज्दात		५५९८७६८२.२१	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै, निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पूँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। सार्वजनिक पूर्वाधारको निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी/घटी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, बर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकिन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।